# अनुसूची ३

**(दफा १७ को उपदफा (१) को खण्ड (च) संग सम्बन्धित)**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**
धुलिखेल, काभ्रेपलाञ्चोक

भौचर नं. :- आवेदन फारम तथा परीक्षा दस्तुर रु. ४००।-

आवेदन फारम नं:- दर्ता नं:- मितिः-

प्रस्ट मुखाकृत देखिने पासपोर्ट साइजको फोटो यहाँ टाँस्ने र उम्मेदवारले फोटो र फारममा समेत पर्नेगरी दस्तखत गर्ने।

**श्रीमान् कार्यकारी निर्देशक ज्यू**
**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**
**धुलिखेल, काभ्रेपलाञ्चोक ।**

**विषयः**-जुनियर नापी तालिम (खुला) को लागि आवेदन पेश गरेको बारे।

त्यस मिति २०......।.......।.......मा ..................राष्ट्रिय दैनिक र केन्द्रको वेबसाइटमा प्रकाशित सूचना अनुसार आ.व. २०...../.....,मिति २०.....।.....।..... देखि संचालन हुने जुनियर नापी तालीममा सरिक हुनका लागि निम्नानुसार विवरण खोली आवश्यक प्रमाण-पत्रहरुको प्रतिलिपि ..... थान यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

**(क) व्यक्तिगत विवरण**

१. उम्मेदवारको नामथर(नेपालीमा): ..........................................................................................
   (अंग्रेजी ठूलो अक्षरमा): ..........................................................................................
२. स्थायी ठेगाना:-प्रदेश ........................ जिल्ला ...................... गा.पा./न.पा .................... वडा नं ..........................
३. जन्ममितिः- वि.सं. .................................................. ई.सं. ............................................................................
४. उम्मेदवारको बाबु र आमाको नाम, थर:- ..........................................................................................
५. नेपाली नागरिकता प्रमाण-पत्रको नं.:-.....................जिल्लाः-.................... जारी मितिः-....................................
६. सम्पर्क फोन नं.:-............................................ मोवाईल नं.:- ..................................................................

**(ख) शैक्षिक योग्यता सम्बन्धी विवरण:-**

| योग्यता | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण भएको साल | प्रतिशत/ ग्रेड | प्राप्त प्रतिशत/ग्रेड | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | गणितमा | भौतिक शास्त्रमा | |
| १०+२/आई. एस्सी. | | | | | | |

मितिः- .२०........।........।........ उम्मेदवारको दस्तखत:-..........................

***विभागीय उम्मेदवारको हकमा:***

सिफारिस गर्ने निकाय/कार्यालय/विभागीय प्रमुखको दस्तखतः
पदः
मितिः
निकाय/विभाग/कार्यालयः

कार्यालयको छाप

**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**

धुलिखेल, काभ्रेपलाञ्चोक

<u>जुनियर नापी तालिम (खुला) प्रवेश परीक्षा</u>

**<u>प्रवेश-पत्र</u>**

प्रस्ट मुखाकृत देखिने पासपोर्ट साइजको फोटो यहाँ टाँस्ने रउम्मेदवारले फोटो र फारममा समेत पर्नेगरी दस्तखत गर्ने।

परीक्षार्थीको नाम, थर:- ..................................................................

स्थायी ठेगाना:-.....................................................................................

परीक्षार्थीको दस्तखत नमूना............................................प्रमाणित गर्नेको दस्तखतः- ................................

---

**<u>कार्यालयले भर्ने:-</u>**

रोल नं.:-................................. परीक्षा केन्द्रः-

मितिः- समयः-

**<u>जुनियर नापी तालीम (खुला) का लागि प्रशिक्षार्थी छनौट परीक्षा सम्बन्धी व्यवस्था</u>**

१. विज्ञापनमा तोकिएको स्थान र म्याद भित्र आवेदन फारम दर्ता भइसक्नुपर्छ। सो अवधि पछि सोझै वा हुलाकद्वारा प्राप्त आवेदन फारम स्वीकृत हुनेछैन।

२. आवेदन फाराम विज्ञापनमा तोकिएको स्थानबाट प्राप्त हुनेछ। आवेदन फाराम साथ विज्ञापनमा उल्लेख भए बमोजिमका प्रमाणपत्रहरुको प्रतिलिपिहरु संलग्न गर्नुपर्नेछ।

३. छनौट भएका उम्मेदवारहरुले केन्द्रमा भर्ना हुँदाका वखत नेपाल सरकारबाट स्वीकृती प्राप्त गरेका अस्पताल वा चिकित्सकबाट स्वास्थ्य परीक्षण गराई निरोगिताको सक्कल प्रमाण-पत्र पेश गर्नुपर्नेछ।

४. आवेदन फारम यथा सम्भव आफैँले बुझाउनु पर्छ। आवेदन फारम स्वीकृत भएका परीक्षार्थीको प्रवेश पत्र अन्य व्यक्ति हस्ते दिइने छैन। प्रवेश पत्रपरीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडि सम्म परीक्षा केन्द्रमा उपलव्ध गराइनेछ।

५. उम्मेदवारको उमेरको हकमा आवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई २४ वर्ष ननाघेकोहुनु पर्नेछ। उम्मेदवारले स्पष्ट उमेर खुलेको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

६. आवेदन दिने अन्तिम मिति सम्म विज्ञापनमा तोकिए बमोजिमको शैक्षिक योग्यता पूरा गरिसकेको हुनुपर्नेछ।

७. परीक्षामा सम्मिलित हुनको लागि प्रवेश-पत्र हराएमा परीक्षा हुनुभन्दा १ दिन अगावै रु. ५०।– बुझाई सोको भौचर संलग्नगरी फोटो सहित निवेदन दिन आएमा प्रतिलिपी पाउन सकिनेछ। प्रवेश-पत्र विना प्रवेश परीक्षामा सम्मिलित गराइने छैन।

८. उम्मेदवारले आवेदन फारम साथ पेश गरेका प्रमाणपत्रहरुको प्रतिलिपिहरुलाई आवेदन फारम दर्ता गर्दा र भर्नाका समयमा भिडाई हेरिनेछ।

९. लिखित परीक्षामा प्राप्त अंकको योग्यताक्रमका आधारमा प्रशिक्षार्थीको छनौट गरिनेछ।

१०. तालीमका लागि सिफारिस गरिएको उम्मेदवार भर्ना हुन तोकिएको मिति भित्र भर्ना हुन नआएमा सिफारिस रद्द गरिनेछ र उक्त स्थानमा वैकल्पिक उम्मेदवार भर्ना गरिने छ।

११. विज्ञापन मुताविक योग्यता नपुगेका आवेदन फारमहरु केन्द्रले जतिसुकै वेला रद्द गर्न सक्नेछ। कथमकदाचित सिफारिस भैसके पश्चात समेत न्यूनतम योग्यता नपुगेको प्रमाणित हुनआएमा तालीम रद्द गरिनेछ।

१२. तालीमको लागि छनौट भएका उम्मेदवारहरुले प्रशिक्षणकेन्द्रको नीति नियम पुर्णरुपले पालन गर्नेछु भनी शर्तनामाको कागज गर्नुपर्नेछ।

**<u>परीक्षार्थीले पालन गर्नुपर्ने नियम</u>**

१. परीक्षार्थीले परीक्षाहलमा परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेश-पत्र ल्याउनु पर्नेछ।प्रवेश-पत्र विना परीक्षामा सहभागी गराईने छैन।

२. परीक्षा सुरुहुने १५मिनेट अगाडी घण्टी द्वारा सूचना गरेपछि मात्र परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। परीक्षा शुरु भएको १५ मिनेट पछि परीक्षामा सहभागी गराइने छैन।

३. परीक्षाहलमा किताब, कपी, कागज, चिट आदि ल्याउनु लैजानु हुँदैन।

४. परीक्षाहलमा अनुचित काम गरेमा परीक्षाबाट निष्काशन गरिनेछ।

५. परीक्षा केन्द्र यस केन्द्रको विज्ञापन वा सूचनामा उल्लेख गरिए अनुसार हुनेछ।

६. परीक्षाहल भित्र हल्ला गर्न पाइने छैन। कुनै उम्मेदवारले प्रश्नपत्रमा अक्षर अस्पष्ट भएमा सोध्नुपर्दा आफ्नो सिटबाट उठी अरुलाई बाधा नपर्ने गरी सोध्नुपर्नेछ।

७. परीक्षा हलमा मोवाईल ल्याउन पाईनेछैन तर क्यालकुलेटरको हकमा विज्ञापनमा तोकिए बमोजिम हुनेछ।

८. परीक्षा सुरु भएको ४५ मिनेट पछि मात्र परीक्षाहलबाट परीक्षार्थीलाई वाहिर जान दिइनेछ।